# कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिस गर्न गठित उपसमितिको कार्यविधि, २०८१

(उपसमितिबाट स्वीकृत मिति २०८१।०३।७)

कृषि सामग्री कम्पनी लिमिटेड
कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि संचालक समिति समक्ष
सिफारिस गर्न गठित उपसमितिको सचिवालय,
कृषि सामग्री कम्पनी लिमिटेड
कुलेश्वर, काठमाडौं ।

**कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिस गर्न गठित उपसमितिको कार्यविधि, २०८१**

कृषि सामग्री कम्पनी लिमिटेडको नियमावलीको नियम २७(२) को खण्ड (घ) बमोजिमको स्वतन्त्र संचालक नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिस गर्न कृषि सामग्री कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८१।०३।०४ गतेको १००८ औं बैठकको निर्णयबाट गठित उपसमितिले सोही बैठकको निर्णयको अधिनमा रही यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिस गर्न गठित उपसमितिको कार्यविधि, २०८१** रहेको छ ।

(२) यो कार्यविधि उपसमितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) **ऐन"** भन्नाले" कम्पनी ऐन, २०६३ सम्झनुपर्दछ ।

(२) **"नियमावली"** भन्नाले "कृषि सामग्री कम्पनी लिमिटेडको नियमावली" सम्झनु पर्दछ ।

(३) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(४) **"कम्पनी"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

(५) **"समिति"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको संचालक समिति सम्झनु पर्दछ।

(६) **"संयोजक"** भन्नाले सिफारिस उपसमितिको संयोजक सम्झनु पर्दछ ।

(७) **"उपसमिति"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि समिति समक्ष सिफारिस गर्न गठित उपसमिति सम्झनु पर्दछ।

(८) **"अध्यक्ष"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको संचालक समितिको अध्यक्ष सम्झनु पर्दछ।

(९) **"संचालक"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको सञ्चालक समितिको सदस्य सम्झनु पर्दछ।

(१०) **"सभा"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको नियमावलीको नियम १८(१) बमोजिमको साधारण सभा सम्झनु पर्दछ ।

(११) **"सूचना"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिको लागि दरखास्त पेश गर्ने सम्बन्धी राष्ट्रिय दैनिक पत्रिका एवं मन्त्रालय/कम्पनीको website मा प्रकाशित हुने सूचना सम्झनु पर्दछ।

(१२) "**कार्यविधि**" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिस गर्न गठित उपसमितिको कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

**३. उपसमितिको सचिवालय:**

(१) उपसमितिको सचिवालय कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौंमा रहनेछ ।

**४. उपसमितिको बैठक सम्बन्धी व्यवस्था:**

(१) उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठक संयोजकद्वारा बोलाइनेछ ।

(३) उपसमितिको बैठक सम्बन्धी कार्यविधि उपसमिति स्वयंले तय गर्नेछ ।उपसमितिले आवश्यकता अनुसार दरखास्त खोल्ने र मुल्याङ्कन गर्ने लगायतको प्रकृयाको लागि विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**५. स्वतन्त्र संचालक नियुक्ति हुन नसक्ने अवस्था: (१) देहायको कुनै व्यक्ति स्वतन्त्र संचालकको पदमा नियुक्त हुन सक्ने छैन ।**

(क) एक्काइस वर्ष उमेर नपुगेको,

(ख) मगज बिग्रेको वा बहुलाएको,

(ग) दामासाहीमा परी पाँच वर्षको अवधि पूरा नभएको,

(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य कसूरमा सजाय पाएको,

(ङ) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसूरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,

(च) कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको,

(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,

(ज) कम्पनीलाई रकम बुझाउन बाँकी रहेको ठहर भएको अवस्थामा त्यस्तो शेयरधनी,

(झ) ऐनको दफा १६० बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले एक वर्ष ननाघेको वा ऐनको दफा १६१ बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले छ महिना ननाघेको,

(ञ) कम्पनीको प्रचलित कानूनले कुनै योग्यता तोकेको भए त्यस्तो योग्यता नपुगेको वा कुनै अयोग्यता तोकिएको रहेछ भने त्यस्तो अयोग्यता भएको,

(ट) लगातार तीन आर्थिक वर्षसम्म ऐन अनुसार कार्यालयमा पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको सञ्चालक रहेको,

(ठ) ऐनको दफा ८१ को उपदफा (२) बमोजिम जरिवाना रकम तिर्न बाँकी रहेको,

(ड) अर्को कुनै सूचीकृत कम्पनीबाट बैठक भत्ता र बैठक स्थलमा आउन, जान, बस्नका लागि लाग्ने वास्तविक खर्च बाहेक अन्य पारिश्रमिक वा कुनै सुविधा प्राप्त गर्ने सञ्चालकको पदमा बहाल रहेको ।

(ढ) कम्पनीको शेयरधनी,

(ण) कम्पनीले कारोबार गर्ने विषयसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तीमा दश वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानून विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त नगरेको,

(त) कम्पनीको पदाधिकारी, लेखापरीक्षक, कर्मचारी वा त्यस्तो कुनै पदबाट अवकाश प्राप्त गरेको तीन वर्ष पूरा नभएको,

(थ) कम्पनीको पदाधिकारीको नजिकको नातेदार,

(द) कम्पनीको लेखापरीक्षक वा निजको साझेदार,

(ध) गैर नेपाली नागरिक,

(न) प्रचलित कानून बमोजिम कालो सूचिमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन बर्ष अवधि पूरा नभएको,

(प) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(फ) कम्पनीमा हिताधिकारी वा लाभग्राही भएको,

(ब) अन्य प्रचिलत कानून बमोजिम अयोग्य भएको ।

**६. सूचना प्रकाशन गरी आवेदन आह्वान गर्ने:**

(१) उपसमितिले स्वतन्त्र संचालक नियुक्तिका लागि सिफारिस गर्न कार्यविधिको दफा ५ बमोजिम अयोग्यता नभएका ईच्छुक उम्मेद्वारहरुको लागि ७ दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ ।

(२) सूचना/आवेदन आह्वानको ढाँचा कार्यविधिको अनुसुचि-१ र १(क) बमोजिम हुनेछ ।

(३) कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र संचालक नियुक्ति सम्बन्धी दरखास्त आव्हान गर्दा दरखास्त दस्तुर वापत रु. १५०० (एक हजार पाँच सय रुपैयाँ) लाग्नेछ।

(४) आवेदकले कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन/दरखास्त पेश गर्नुपर्नेछ । साथै देहायका कागजातहरु स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी आवेदनका साथ संलग्न गरी उपसमितिको सचिवालयमा सूचनामा तोकिएको समय भित्र आइपुग्ने गरी पेश गर्नुपर्नेछः-

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

ख. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि हासिल गर्नेको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ),

ग. वैयक्तिक विवरण (CV),

घ. आफूलाई नै स्वतन्त्र संचालकमा नियुक्ति गर्नुपर्नाको कारण (बढिमा १५० शब्द सम्मको),

ङ. कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा अयोग्य नभएको स्वघोषणा,

च. योग्यता र अनुभव खुल्ने अन्य कागजातहरु ।

७. **दरखास्त खोल्ने:** समयमा नै प्राप्त हुन आएका दरखास्तहरु, दरखास्त दिने अन्तिम मिति पश्चात् उपसमितिले मुचुल्का गरी खोल्ने छ।

८. **उम्मेदवारहरुको सूची प्रकाशनः** दरखास्त दिने अवधि समाप्त भए पश्चात् कार्यविधि बमोजिम योग्यता पुगेका र रितपूर्वक प्राप्त भएका दरखास्तहरुको आधारमा स्वीकृत उम्मेदवारहरुको नामावली सहितको सूची कम्पनी र मन्त्रालयको website मा प्रकाशन गरिनेछ। सूचीमा परेका उम्मेदवारहरुको मात्र थप मुल्याङ्कन गरिनेछ ।

९. **मूल्याङ्कनका आधारहरुः**

(१) उपसमितिले सूचीमा उल्लेख भएबमोजिमका उम्मेद्वारहरुको मुल्याङ्कन गर्दा कूल ५० पूर्णाङ्क मानी देहाय अनुसार मूल्याङ्कनका आधारहरुमा अङ्क विभाजन गर्नेछः-

| क्र. सं. | मूल्याङ्कनको आधार | अंक |
|---|---|---|
| १. | **शैक्षिक योग्यता मूल्याङ्कनको आधार** | **२५** |
| | (क) न्यूनतम शैक्षिक योग्यता वापत | २० |
| | (ख) माथिल्लो शैक्षिक योग्यता वापत | ५ |
| २. | **अनुभवको मुल्याङ्कन** | **१०** |
| | सम्बन्धित क्षेत्रमा १० वर्ष देखि १५ बर्ष सम्मको अनुभव | ८ |
| | १५ वर्ष देखि २० वर्षसम्मको अनुभव | ९ |
| | २० वर्ष भन्दा माथिको अनुभव | १० |
| **३.** | **अन्तर्वार्ता** | **१५** |

(२) (क) उपसमितिले स्वतन्त्र संचालक पदमा शैक्षिक योग्यताका सम्बन्धमा मूल्यांकन गर्दा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतिर्ण गरेको योग्यतालाई न्यूनतम शैक्षिक योग्यता र स्नातकोत्तर तह उतिर्ण गरेको योग्यतालाई माथिल्लो योग्यता मान्नेछ ।

(ख) अनुभवको मुल्याङ्कन गर्दा कम्तिमा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरी नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय वा प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था वा कम्पनीमा कम्तिमा अधिकृतस्तरको पद/तहमा वा सञ्चालक समितिको पदाधिकारी रही सेवा गरेको अवधिलाई गणना गर्नेछ।

(ग) अन्तरवार्ताको मूल्याङ्कन उपसमितिका सदस्यहरुबाट हुनेछ ।उपसमितिले आवश्यक ठानेमा एक जना विज्ञ समेत आमन्त्रण गर्न सक्नेछ।अन्तर्वार्ताको अंक प्रदान गर्दा अधिकतम

सत्तरी प्रतिशत भन्दा माथि र न्यूनतम  चालीस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा उचित कारण खुलाउनु पर्नेछ ।अन्तरवार्ताको मूल्याङ्कन वापत प्रत्येक सदस्यले प्रदान गरेको अङ्क जोड्दा हुन आएको कुल अङ्कलाई औषत अङ्क निकाली प्राप्ताङ्क कायम गरिनेछ।

(घ) समितिले आवश्यकता अनुसार उम्मेदवारको परीक्षण/मूल्याङ्कनको अङ्क प्रदान गर्न मूल्याङ्कन फाराम तयार गर्नेछ।

१०. **विवरण माग गर्ने:** मूल्याङ्कन प्रयोजनका लागि उपसमितिले आवेदकहरुको अनुभव तथा अन्य आवश्यक विवरणहरु माग गर्ने सक्नेछ ।यसरी माग गरिएका विवरणहरु सम्बन्धित उम्मेदवारले उपसमितिलाई उपलब्ध गराउनुपर्नेछ ।

११. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **सिफारिस सम्बन्धी व्यवस्था:**

(१) उपसमितिले सिफारिसका लागि माथि दफा ९ बमोजिमका आधारहरु बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कम्तिमा ३ जना उम्मेदवारहरुको वर्णानुक्रम अनुसारको नामावली समिति समक्ष सिफारिस गर्नेछ ।

(२) योग्यताक्रम निर्धारण गर्दा कुनै उम्मेदवारहरुको प्राप्ताङ्क बराबर भएमा उपसमितिले उपयुक्त लागेको व्यक्ति वा बारावर अङ्क प्राप्त गर्ने सबै उम्मेद्वारलाई सिफारिस गर्न सक्नेछ।

१३. **उपसमितिको खर्च सम्बन्धी व्यवस्था:**

(१) उपसमितिले सूचना प्रकाशन गर्दा, पदाधिकारीहरु तथा बैठकमा सहभागीहरुको पारिश्रमिक, बैठक भत्ता, खाजा खर्च, सचिवालयका कर्मचारीहरुले अतिरिक्त समयमा काम गरेबापत दिईने खर्च, भुक्तानी गरिने पारिश्रमिक लगायतका खर्च कम्पनीबाट भुक्तानी हुनेछ ।

(२) उपसमिति तथा सचिवालयको मसलन्दको व्यवस्थापन कम्पनीबाट हुनेछ ।

१४. **बाधा अड्काउ फुकाउः** स्वतन्त्र संचालकको मूल्याङ्कनको क्रममा कुनै विषयमा द्धिविधा पर्न गएमा उपसमिति आफैंले आवश्यक निर्णय गर्न सक्नेछ ।

१५. **सिफारिस प्रकृयासँग सम्बन्धित कार्य स्थागित वा रद्द गर्न सकिने:** सिफारिस उपसमितिले कुनै कारण उल्लेख गरी वा नगरी माथि उल्लिखित सिफारिस सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ।

१६. **कागजात सुरक्षित राखिने:** छनौट प्रकृया समाप्त भए पश्चात् छनौट प्रकृयाका सम्पूर्ण कागजात सिलवन्दी गरी कम्पनीमा सुरक्षित राखिने छ ।

## अनुसूची-१

(कार्यविधिको दफा ६(२) सँग सम्बन्धित राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन हुने सूचनाको ढाँचा)

## कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौंको

**कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक पदमा नियुक्तिका लागि दरखास्त पेश गर्ने सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८१।०३।....)**

यस कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालकको पदमा खुला प्रतिस्पर्धाद्वारा नियुक्ति गरिने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस कम्पनीको प्रधान कार्यालय, कुलेश्वर, काठमाण्डौमा गोप्य शिलवन्दी दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रित नपुगेको दरखास्त स्वीकृत हुने छैन्।दरखास्त आव्हानसँग सम्बन्धित विस्तृत विवरण कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेवसाईट https://moald.gov.np र यस कम्पनीको वेवसाईट https://kscl.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ। अन्य थप जानकारीको लागि कृषि सामग्री कम्पनी लिमिटेडको प्रधान कार्यालय कुलेश्वर, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ।

| सूचना नं | सार्वजनिक निकायको नाम | रिक्त पद | माग संख्या |
|---|---|---|---|
| ०२/०८०।०८१ | कृषि सामग्री कम्पनी लिमिटेड | स्वतन्त्र संचालक | १ |

**सिफारिस उपसमिति**
**कृषि सामग्री कम्पनी लिमिटेड**
**कुलेश्वर, काठमाडौं**

## अनुसूची-१(क)

(कार्यविधिको दफा ६(२) सँग सम्बन्धित मन्त्रालय र कम्पनीको website मा प्रकाशन हुने सूचनाको ढाँचा)

# कृषि सामग्री कम्पनी लिमिटेड

## कुलेश्वर काठमाडौंको

**कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक पदमा नियुक्तिका लागि दरखास्त पेश गर्ने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८१।०३।००**

यस कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालकको पदमा खुला प्रतिस्पर्धाद्वारा नियुक्ति गरिने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस कम्पनीको प्रधान कार्यालय, कुलेश्वर, काठमाण्डौमा गोप्य शिलवन्दी दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रित नपुगेको दरखास्त स्वीकृत हुने छैन् ।

| सूचना नं | सार्वजनिक निकायको नाम | रिक्त पद | माग संख्या |
|---|---|---|---|
| ०२/०८०।०८१ | कृषि सामग्री कम्पनी लिमिटेड | स्वतन्त्र संचालक | १ |

१. <u>योग्यता तथा अनुभवः</u>

क) यस कम्पनीले कारोबार गर्ने बिषयसँग सम्बन्धित बिषयमा कम्तिमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तिमा १० बर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानून बिषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरि सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको अनुभव प्राप्त गरेको अनुभवको योग्यता खुल्ने कागजात पेश गर्नुपर्ने छ।

**ख)** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पूरा भएको ।

२. <u>नियुक्तिको लागि अयोग्य मानिने :</u>

(क) एक्काइस वर्ष उमेर नपुगेको,
(ख) मगज बिग्रेको वा बहुलाएको,
(ग) दामासाहीमा परी पाँच वर्षको अवधि पूरा नभएको,
(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य कसूरमा सजाय पाएको,
(ङ) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसूरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,
(च) कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको,
(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,
(ज) कम्पनीलाई रकम बुझाउन बाँकी रहेको ठहर भएको अवस्थामा त्यस्तो शेयरधनी,
(झ) ऐनको दफा १६० बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले एक वर्ष ननाघेको वा ऐनको दफा १६१ बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले छ महिना ननाघेको,
(ञ) कम्पनीको प्रचलित कानूनले कुनै योग्यता तोकेको भए त्यस्तो योग्यता नपुगेको वा कुनै अयोग्यता तोकिएको रहेछ भने त्यस्तो अयोग्यता भएको,
(ट) लगातार तीन आर्थिक वर्षसम्म ऐन अनुसार कार्यालयमा पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको सञ्चालक रहेको,
(ठ) ऐनको दफा ८१ को उपदफा (२) बमोजिम जरिवाना रकम तिर्न बाँकी रहेको,
(ड) अर्को कुनै सूचीकृत कम्पनीबाट बैठक भत्ता र बैठक स्थलमा आउन, जान, बस्नका लागि लाग्ने वास्तविक खर्च बाहेक अन्य पारिश्रमिक वा कुनै सुविधा प्राप्त गर्ने सञ्चालकको पदमा बहाल रहेको ।
(ढ) कम्पनीको शेयरधनी,

(ण) कम्पनीले कारोबार गर्ने विषयसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तीमा दश वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानून विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त नगरेको,

(त) कम्पनीको पदाधिकारी, लेखापरीक्षक, कर्मचारी वा त्यस्तो कुनै पदबाट अवकाश प्राप्त गरेको तीन वर्ष पूरा नभएको,

(थ) कम्पनीको पदाधिकारीको नजिकको नातेदार,

(द) कम्पनीको लेखापरीक्षक वा निजको साझेदार,

(ध) गैर नेपाली नागरिक,

(न) प्रचलित कानून बमोजिम कालो सूचिमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन बर्ष अवधि पूरा नभएको,

(प) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(फ) कम्पनीमा हिताधिकारी वा लाभग्राही भएको,

(ब) अन्य प्रचिलत कानून बमोजिम अयोग्य भएको ।

३. **<u>दरखास्त पेश गर्ने प्रकृया:</u>**

कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिस गर्न गठित उपसमितिको कार्यविधि, २०८१ अनुसूची-२ बमोजिमको दरखास्त/प्रतिबद्धता पत्रका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) न्यूनतम र माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रहरुको प्रतिलिपि समेत),

ग) अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि,

घ) आफूलाई नै स्वतन्त्र संचालक नियुक्त गर्नुपर्नाको कारण (बढिमा १५० शब्द सम्मको)

ङ) वैयक्तिक विवरण (CV) बढिमा ३ पृष्ठसम्मको

**<u>दस्तुर:</u>** दरखास्त दस्तुर वापत कृषि सामग्री कम्पनी लिमिटेडको नाममा रहेको नेपाल ईन्भष्टमेन्ट मेगा बैङ्क लिमिटेड, कालिमाटी स्थित खाता नं. ०१७०१०३०००१९२२ मा रु.१५००।००(अक्षरेपी एक हजार पाँच सय रुपैयाँ मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

४. **<u>अन्य:</u>**

क) सिफारिस उपसमितिले कुनै कारण उल्लेख गरी वा नगरी माथि उल्लिखित नियुक्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ।

ख) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

आवेदन फाराम कृषि सामग्री कम्पनी लिमिटेडको वेभसाईट www.kscl.gov.np बाट Download गर्न सकिने छ । अन्य थप जानकारीको लागि कृषि सामग्री कम्पनी लिमिटेडको प्रधान कार्यालय कुलेश्वर, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ।

**सिफारिस उपसमिति**
**कृषि सामग्री कम्पनी लिमिटेड**
**कुलेश्वर, काठमाडौं**

| हालसालै खिचेको पासपोर्ट साईजको फोटो |
|---|

अनुसूची-२

(दफा ६ (४) सँग सम्वन्धित)

आवेदकले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

कृषि सामग्री कम्पनी लिमिटेडको स्वतन्त्र सञ्चालक पदमा नियुक्ति भई सेवा गर्ने ईच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु । सो पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वःघोषणा समेत गर्दछु र नियुक्ति भएको अवस्थामा प्रचलित कानून बमोजिम ईमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. नियुक्त हुन चाहेको सार्वजनिक निकायको नामः ....................

२. नियुक्त हुन चाहेको पदः .........................

३. आवेदन पेश गर्ने व्यक्तिको

(क) व्यक्तिगत विवरण

नाम थरः

नागरिकता नं. जारी जिल्लाः जारी मितिः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः सम्पर्क नं.: ईमेलः

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

(ग) अनुभवः

| क्र.सं. | पद | कार्यरत संस्था र जिम्मेवारी | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि (dd/mm/yy) | सम्म(dd/mm/yy) | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| जम्मा सेवा अवधि: | | | | | |

(घ) संलग्न कागजात तथा विवरणः

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण (CV), बढीमा तीन पृष्ठसम्म

(३) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी (स्नातक र सो भन्दा माथिको),

(५) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(६) कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा अयोग्य नरहेको भनि गरेको स्वःघोषणा,

(७) आफूलाई नै स्वतन्त्र संचालकमा नियुक्ति गर्नुपर्नाको कारण (बढिमा १५० शब्द सम्मको),

(८) अन्य आवश्यक कागजात ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बाँया |

दस्तखतः ..............................

मितिः २०......../........../.........

**अनुसूची-३**

(कार्यविधिको दफा ६(४) को खण्ड ङ  सँग सम्बन्धित आवेदकले फारामसाथ पेश गर्ने स्वघोषणाको ढाँचा)

## स्वघोषणा

कृषि सामग्री कम्पनी लिमिटेडको नियमावलीको नियम २७(२) को खण्ड (घ) बमोजिमको स्वतन्त्र संचालक पदमा नियुक्तिको लागि योग्य रहेको र तपसिल बमोजिमको अयोग्यता नरहेको स्वःघोषणा गर्दछु ।

**तपसिल**

(क) एक्काइस वर्ष उमेर नपुगेको,

(ख) मगज बिग्रेको वा बहुलाएको,

(ग) दामासाहीमा परी पाँच वर्षको अवधि पूरा नभएको,

(घ) भ्रष्ट्राचार वा नैतिक पतन देखिने अन्य कसूरमा सजाय पाएको,

(ङ) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसूरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,

(च) कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको,

(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,

(ज) कम्पनीलाई रकम बुझाउन बाँकी रहेको ठहर भएको अवस्थामा त्यस्तो शेयरधनी,

(झ) ऐनको दफा १६० बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले एक वर्ष ननाघेको वा ऐनको दफा १६१ बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले छ महिना ननाघेको,

(ञ) कम्पनीको प्रचलित कानूनले कुनै योग्यता तोकेको भए त्यस्तो योग्यता नपुगेको वा कुनै अयोग्यता तोकिएको रहेछ भने त्यस्तो अयोग्यता भएको,

(ट) लगातार तीन आर्थिक वर्षसम्म ऐन अनुसार कार्यालयमा पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको सञ्चालक रहेको,

(ठ) ऐनको दफा ८१ को उपदफा (२) बमोजिम जरिवाना रकम तिर्न बाँकी रहेको,

(ड) अर्को कुनै सूचीकृत कम्पनीबाट बैठक भत्ता र बैठक स्थलमा आउन, जान, बस्नका लागि लाग्ने वास्तविक खर्च बाहेक अन्य पारिश्रमिक वा कुनै सुविधा प्राप्त गर्ने सञ्चालकको पदमा बहाल रहेको ।

(ढ) कम्पनीको शेयरधनी,

(ण) कम्पनीले कारोबार गर्ने विषयसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तीमा दश वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानून विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त नगरेको,

(त) कम्पनीको पदाधिकारी, लेखापरीक्षक, कर्मचारी वा त्यस्तो कुनै पदबाट अवकाश प्राप्त गरेको तीन वर्ष पूरा नभएको,

(थ) कम्पनीको पदाधिकारीको नजिकको नातेदार,

(द) कम्पनीको लेखापरीक्षक वा निजको साझेदार,

(ध) गैर नेपाली नागरिक,

(न) प्रचलित कानून बमोजिम कालो सूचिमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन बर्ष अवधि पूरा नभएको,

(प) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(फ) कम्पनीमा हिताधिकारी वा लाभग्राही भएको,

(ब) अन्य प्रचिलत कानून बमोजिम अयोग्य भएको ।

आवेदकको नाम थर:

स्थायी ठेगाना:

दस्तखत:

मिति २०८१/०३/----